मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र धनुषा

जनकपुरधाम, नेपाल

पत्र संख्या:
चलानी नं.

मिती: २०८०।०५।०१

**विषयः स्यालो ट्यूवेल मोटर पम्पसेट जडान आपूर्तिकर्ता सूचिकृत सम्बन्धी प्रति इकाई दरभाउ सहितको शिलबन्दी आवेदन (प्रस्ताव) आव्हानको सूचना**

**प्रकाशन मितीः २०८०।०५।०१**

यस कार्यालयको आ.व.२०८०।८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार धनुषा जिल्लाको कृषकस्तरमा साना सिंचाईको लागी स्यालो ट्यूवेल (मोटर पम्पसेट) जडान तथा संचालन आपूर्ति कार्य यस कार्यालयको अनुदान सहयोग तथा कृषकको लगानीमा कृषकस्तरमा आपूर्ति तथा जडान गर्नु पर्ने भएकोले यस जिल्लामा स्यालो ट्यूवेल सम्बन्धी आवश्यक सामग्री, आपूर्ति तथा जडान गर्ने यन्त्र उपकरण/जनशक्ति भएको तथा जडान आपूर्ति आदेश भएको बेलामा तुरन्त जिल्लाको जुनसुकै स्थानिय तह/क्षेत्रमा कृषकस्तरमा स्यालो ट्यूवेल जडान आपूर्ति गर्न सक्ने, पाइप फिल्टर मोटर पम्पसेट लगायत अन्य आवश्यक उपकरण तथा सामग्रीहरु आफूसँग मौजदात भएको, इच्छुक आपूर्तिकर्तावाट यो सूचना प्रकशित भएको मितीले १५दिन (मिती: २०८०।०५।१५ गते सम्म) भित्र तोकिएको ढाँचामा माल सामानहरुको विशिष्ट गुण (स्पेशिफिकेशन) सहित फर्म दर्ता, कर दर्ता/कर चुक्ता गुणस्तर प्रमाण पत्र लगायत अन्य आवश्यक सहयोगी कागजात प्रमाणपत्रहरु सहित विस्तृत विवरणहरु उल्लेख गरी प्रति इकाई दरभाउ सहित शिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। प्रति इकाई लागत अनुमान वा प्राप्त प्रस्तावहरु मध्ये न्यूनतम मूल्यको आधारमा अनुदान स्वीकृत हुने तथा प्राप्त प्रस्तावहरु मध्ये छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुले कार्यालयसँग प्रति इकाई सामग्रीको जडान आपूर्ति सम्झौता गरी यस कार्यालयको सिफारिसको आधारमा कृषकको खेतमा जडान पश्चात कूल लागत मध्ये कृषक दायित्वको रकम कृषकवाट नै बुझिलिई कृषकलाई स्यालो ट्यूवेल मोटर पम्पसेट जडान आपूर्ति तथा संचालन गरेको भरपाई सहित जडान आपुर्ति (बिक्रि) परिमाणको आधारमा बिल भरपाई लगायतको कागजात पेश गरी स्वीकृत/तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारीत आपूर्ति प्रक्रिया अनुसार कार्य संचालन हुने छ। आवेदन (प्रस्ताव) फारम रु. एक हजार मात्र (पछी फिर्ता नहुनेगरी) भुक्तान गरी यस कार्यालयवाट प्राप्त गर्न सकिन्छ। अन्य विस्तृत जानकारी आवेदन फारममा उल्लेख गरिएको छ।
आवेदन (प्रस्ताव)फारम सम्बन्धी सर्म्पूण अधिकार यसै कार्यालयमा निहित छ।

कर्यालय प्रमुख

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि ज्ञान केन्द्र धनुषा

जनकपुरधाम नेपाल

पत्र संख्याः
चलानी नं.

मितिः २०८०।०५।०१

**कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्तिकर्ता सूचिकृत हुने सम्बन्धी प्रति इकाई दरभाउ सहित शिलबन्दी आवेदन (प्रस्ताव) आव्हानको सूचना**

**सूचना प्रकाशन मितिः २०८०।०५।०१ गते**

यस कार्यालयको आ.व.२०८०-८१को स्विकृत वार्षिक कार्यक्रम संचालन गर्दा धनुषा जिल्लाको कृषकस्तरमा कृषि कार्यमा प्रयोग हुने कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्ति कार्य यस कार्यालयको अनुदान सहयोग तथा अनुदानग्राही कृषक (समूह/ सरकारी/ फर्म/ कम्पनी) को लागत साझेदारीमा कृषकलाई आपूर्ति गर्नु पर्ने भएकोले यस जिल्लामा कृषि यन्त्र उपकरण तथा मेशिनरी औजारहरुको आपूर्ति गर्न यन्त्र उपकरण तथा बिक्रि पश्चातका सेवा उपलब्ध गर्न सक्ने वर्कशप तथा जनशक्ति भएको र आपूर्ति आदेश भएको बेलामा तुरुन्त कृषकलाई स्विकृत मेशिनरी उपकरण (स्वचालीत/पावर एटैचमेन्टस) साना मझौला वा अन्य आवश्यक कृषि कार्य उपयोगी मेशिनरीहरु आफूसँग मौजदात भएको इच्छुक आपूर्तिकर्तावाट यो सूचना प्रकाशन भएको मितीले १५ दिन (मितीः२०८०।०५।१५ गते सम्म) भित्र निर्धारित ढाँचामा मेशिनरी उपकरणहरुको विशिष्ट गुण (स्पेशिफिकेशन) सहित फर्म दर्ता /कर दर्ता/ कर चुक्ता लगायत अन्य आवश्यक कागजात प्रमाणहरु सहित विस्तृत विवरण उल्लेख गरी प्रति इकाई दरभाउ /मूल्य सहित हरेक पानामा आवेदकले प्रमाणित गरेको सही छाप गरी शिलबन्दी आवेदन (प्रस्ताव) फारम यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। आवेदकको सहि छाप नभएको पाना मान्य हुने छैन। यस्ता पाना स्वतः रद्द हुने छ।

प्राप्त प्रस्तावहरु मध्ये स्पेशिफिकेशन तथा न्यूनतम मूल्यको आधारमा अनुदान स्विकृत हुने तथा प्राप्त प्रस्तावहरु मध्ये छनौट सूचिमा परेका आपूर्तिकर्ताहरुसँग प्रति इकाई आपूर्ति सम्झौता गरी यस कार्यालयको आपूर्ति(सिफारिस) टोकनको आधारमा अनुदानग्राही कृषकलाई बिक्रि (आपूर्ति) गरी कूल लागत मध्ये अनुदानग्राही कृषक दायित्वको रकम कृषकवाट नै भुक्तानी (बुझी) लिई मेशिनरी औजार उपकरणको आपूर्ति/ कृषकले खरिद गरेको परिमाणको आधारमा बिल भरपाई लगायतको कागजात पेश गरी स्विकृत/ तोकिएको अनुदान रकम मात्र भुक्तानी पाउने गरी निर्धारित आपुर्ति प्रक्रिया अनुसार कार्य संचालन हुने छ। आवेदन प्रस्ताव फारम रु. एक हजार मात्र (पछी फिर्ता नहुने गरी) भुक्तान गरी यस कार्यालयवाट प्राप्त गर्न सकिन्छ। अन्य विस्तृत जानकारी आवेदन फारममा उल्लेख गरिएको छ।

आवेदन (प्रस्ताव ) फारम सम्बन्धी सम्पूर्ण अधिकार यसै कार्यालयमा निहित छ।

कार्यालय प्रमुख

CS CamScanner